मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २० गते मंगलबार ❑ 3 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## तोकिएको समयमा निष्पक्ष निर्वाचन हुन्छ –प्रधानमन्त्री

**रासस**
काठमाडौं, १९ माघ

प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रिय सभाको बैठकलाई सोमबार पहिलोपटक सम्बोधन गर्दै तोकिएको समयमा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधि सभाको निर्वाचन हुने विश्वास व्यक्त गर्नुभएको छ।



यही माघ ४ गतेदेखि सुरु भएको सभाको १९औँ अधिवेशनअन्तर्गतको पाँचौँ बैठकमा प्रधानमन्त्री कार्कीले सम्बोधन गर्दै सरकारका प्राथमिकताका रूपमा रहेको प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी र सुशासनका क्षेत्रमा भइरहेका कामबारे सदस्यहरूलाई जानकारी गराउनुभयो। उहाँले आफू कुनै शासकीय आकाङ्क्षा बोकेर नभई विषम परिस्थितिमा प्रधानमन्त्री भएकाले तोकिएको सयमा प्रतिनिधि सभाको निर्वाचनबाट बन्ने नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्न आफू आतुर रहेको पनि स्पष्ट गर्नुभयो। प्रधानमन्त्री कार्कीले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको अवस्थामा गठित अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीले हालै राष्ट्रिय सभाको हालै भएको निर्वाचनमा विजयी सदस्यहरूलाई बधाई पनि दिनुभयो। प्रधानमन्त्री कार्कीले 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिका सभापति कमला पन्तबाट प्रस्तुत 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' माथिको छलफलमा सदस्यहरूले उठाएका प्रश्नको जवाफ पनि दिनुभयो।

## पोखरामा उच्च शिक्षा विषयक अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

जनप्रीय बहुमुखी क्याम्पसको आयोजना एवम् विश्वविद्यालय अनुदान आयोगको विशेष सहयोगमा आगामी चैत १२, १३ र १४ गते पोखरामा 'नेपालमा उच्च शिक्षाको रुपान्तरणः विश्व प्रतिष्पर्धातर्फका मार्गहरू' विषयक अन्तराष्ट्रिय सम्मेलन गरिनेभएको छ।

सम्मेलनबारे जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जनप्रीय क्याम्पसका क्याम्पस प्रमुख कृष्णबाबु बरालले उच्च शिक्षालाई परम्परागत शिक्षण विधिबाट माथि उठाई अनुसन्धानमुखी, प्रविधिमैत्री र उत्पादनसँग जोड्नुपर्ने आवश्यातालाई दृष्टिगत गरी त्यस सम्बन्धमा बृहत् छलफल एवम् अन्तरक्रिया गर्न सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो। सम्मेलनमा नेपालको उच्च शिक्षालाई स्थानीय आवश्यकता र विश्वव्यापी मापदण्डबीच कसरी सन्तुलन कायम गर्न सकिन्छ त्यस सम्बन्धमा घनिभूत छलफल गरिने उहाँले बताउनुभयो। नेपाल, भारत, चीन, थाइल्यान्ड, बङ्गलादेशलगायत देशबाट ख्यातीप्राप्त शिक्षाविद्को विद्वत प्रवचन प्रमुख बरालले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। "सम्मेलनमाराष्ट्रियतथा अन्तरराष्ट्रिय अनुसन्धानकर्ताबाट ५० भन्दा बढी मूल्याङ्कन गरिएका अनुसन्धानपत्र प्रस्तुत गरिनेछन्", उहाँले भन्नुभयो, "यी कार्यपत्र गुणस्तर प्रत्यायन, डिजिटल रुपान्तरण, शैक्षिक सुशासन, स्वायत्तता र दिगो विकास लक्ष्य जस्ता सामयिक विषयमा केन्द्रित रहनेछन्।"

सम्मेलनले नेपालको उच्च शिक्षा प्रणालीमा विद्यमान खाडल पुर्दै प्राज्ञिक उत्कृष्टता र विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि ठोस मार्गचित्र प्रस्तुत गर्ने प्रमुख बरालले बताउनुभयो। क्याम्पस सञ्चालक समितिका अध्यक्ष राजेन्द्र पहारी, सहायक क्याम्पस प्रमुख नवीन खनाल, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, प्राध्यापक दीपेन्द्र पहारीलगायतले क्याम्पसको कक्षाकोठामा सीमित शिक्षण सिकाइलाई फराकिलो अनुसन्धानको दायरामा ल्याउन सम्मेलन फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो।

## नेपालमा जापानी लगानीकर्तालाई आमन्त्रण गर्न चाहन्छौँ: राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, १९ माघ

राष्ट्रपति रामचन्द्र पौडेलले उत्पादन, जलविद्युत्, पर्यटन, सेवा, सूचना प्रविधि, खानी र कृषिजस्ता नेपालको प्राथमिकताका क्षेत्रमा लगानी गर्न धेरैभन्दा धेरै जापानी लगानीकर्तालाई आग्रह गर्नुभएको छ।

नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सव मनाउन सोमबार जापानको राजधानी टोकियोमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सो आग्रह गर्नुभएको हो। उहाँले राजनीतिक मुद्दालाई निष्कर्षमा पुऱ्याएपश्चात् नेपालको प्राथमिकता अब नेपाली जनताको द्रुत सामाजिक-आर्थिक विकास, प्रगति र समृद्धि हासिल गर्नुमा केन्द्रित रहेको बताउनुभएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

"नेपाल सरकारले व्यापार सहज बनाउन, विदेशी लगानी आकर्षित गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न व्यापक कानुनी, प्रक्रियागत र संस्थागत सुधार गरिसकेको छ, हामी उत्पादन, जलविद्युत्, पर्यटन, सेवा, सूचना प्रविधि, खानी र कृषिजस्ता नेपालको प्राथमिकताका क्षेत्रमा लगानी गर्न धेरैभन्दा धेरै जापानी लगानीकर्तालाई आमन्त्रण गर्न चाहन्छौँ," राष्ट्रपति पौडेलले भन्नुभयो। आजको यो कार्यक्रमले हाम्रो सम्बन्धलाई नयाँ स्तरमा पुऱ्याउन र आगामी वर्षमा गहिरो र फलदायी द्विपक्षीय सहकार्यका लागि मार्ग प्रशस्त गर्ने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गर्नुभयो। हाम्रो द्विपक्षीय सम्बन्धले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्र मात्रै होइन जनता-जनताबीचको सम्पर्कलाई समेटेको तथा यो क्रम विभिन्न समयमा हुने उच्चस्तरीय भ्रमणको आदानप्रदान एवम् बढ्दो सहयोगमार्फत थप सुदृढ हुँदै गएको उहाँको भनाइ थियो।

"नेपाल र जापानबीच विशेषगरी भगवान् बुद्धको शिक्षामा आधारित संस्कृति, धर्म, मूल्यमान्यता र जीवनपद्धतिमा समानता छ, बुद्धको जन्मस्थल लुम्बिनीले नेपाल तथा जापानका जनताबीचको सम्बन्धलाई सुमधुर बनाउन बलियो पुलको काम गर्दछ, विश्व शान्तिको मुहान्का रूपमा लुम्बिनीको विकासमा जापानको निरन्तर सहयोगप्रति हामी आभारी छौँ," राष्ट्रपति पौडेलले भन्नुभयो।

राष्ट्रपति पौडेलले विकास सहायता, व्यापार, लगानी, पर्यटन र अन्य विभिन्न क्षेत्रमा जापान नेपालको एक प्रमुख साझेदार रहिआएको बताउनुभयो। यस वर्षको अन्त्यसम्ममा नेपाल अति कम विकसित देशको तहबाट स्तरोन्नति हुने तथा सन् २०३० सम्ममा मध्यम आय भएको देश बन्नु अर्को महत्वपूर्ण उपलब्धि हुने उहाँले उल्लेख गर्नुभयो।

"त्यसैले, हामी राष्ट्रिय प्राथमिकताका क्षेत्रमा थप विदेशी लगानी आकर्षित गर्ने, नेपालको व्यापार बढाउने, अन्तर-आबद्धता विविधीकरण गर्ने, पर्यटन प्रवर्द्धन गर्ने र उच्चस्तरीय प्रविधि प्राप्त गर्ने कुरामा ध्यान केन्द्रित गरिरहेका छौँ," राष्ट्रपति पौडेलले भन्नुभयो।

नेपाल जापानीहरूको मनपर्ने पर्यटकीय गन्तव्य रहेकामा उहाँले प्रसन्नता व्यक्त गर्नुभयो। "साहसिक पर्यटन, समृद्ध प्राकृतिक तथा सांस्कृतिक विविधताबाट मोहित भएर धेरै जापानीले हाम्रो देशको भ्रमण गरिरहेका छन्, नेपाल दुई देशबीच पर्यटन क्षेत्रको सहयोग विस्तार गर्न चाहन्छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

जापान नेपाली युवा र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सिक्लेसमा एकै महिनामा पाँच हजार ५३ पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

सन् २०२६ को जनवरीमा कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा पाँच हजार ५३ स्वदेशी एवं विदेशी पर्यटकको आगमन भएको छ।

अङ्ग्रेजी नयाँ वर्ष २०२६को सुरुवाती दिनदेखि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को सहयोग एवं वडा कार्यालय र स्थानीय पर्यटन व्यवसायीको समन्वयमा पर्यटक सूचना केन्द्र सञ्चालनमा ल्याइएकामा उक्त केन्द्रमा जनवरी १ देखि ३१ गतेसम्मको पर्यटक सङ्ख्या अभिलेखीकरण गरिएको हो।

एक महिनामा भित्रिएका कूल पाँच हजार ५३ पर्यटकमध्ये आन्तरिक पर्यटकको सङ्ख्या पाँच हजार २७ रहेको मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार त्यसमध्ये महिला दुई हजार २७६ जना छन् भने पुरुष दुई हजार ७५१ जना छन्।

यस अवधिमा सिक्लेस आउने विदेशी पर्यटक २६ जना रहेकामा पुरुष १६ जना र महिला १० जना रहेको उहाँले जानकारी दिनुभयो। केन्द्रमार्फत पर्यटकको तथ्याङ्कसँगै यहाँ आउने पर्यटकलाई उक्त क्षेत्रको पर्यटकीय जानकारीका साथै यहाँस्थित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पिसिएममा नमुना पत्रकार सम्मेलनले सिकायो व्यवहारिक पाठ

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

पोखरा कलेज अफ म्यानेजमेन्ट (पिसिएम) को सभाहल सोमबार अन्य दिनभन्दा फरक देखिन्थ्यो।



मञ्चमा आकर्षक ब्यानर, अगाडि सुसज्जित पोडियम र पहिलो पंक्तिमा डायरी-कलम बोकेर प्रश्न सोध्न तयार पोखराका तीन पत्रकार। यो कुनै राजनीतिक दल वा व्यवसायिक संस्थाको पत्रकार सम्मेलन थिएन, दृश्य थियो बिबिए आठौँ सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको 'नमुना पत्रकार सम्मेलन'। कक्षाकोठामा 'मिडिया र जनसम्पर्क' विषय पढिरहेका ८१ जना विद्यार्थीहरू किताबका पानाबाट बाहिर निस्किएर व्यवहारिक अभ्यासमा उत्रिए। उनीहरू छ वटा समूहमा विभाजित भई समसामयिक विषयमा उत्कृष्ट प्रेस विज्ञप्ति तयार गर्न मात्र होइन, पत्रकारका तीखा र जिज्ञासु प्रश्नहरूको आत्मविश्वासका साथ उत्तर दिन पनि सक्षम भए। बिबिए अन्तिम सेमेस्टरमा 'मिडिया र जनसम्पर्क' विषय अध्ययनरत विद्यार्थीहरूले यस कार्यक्रममार्फत मिडियासँग समन्वय गर्ने कला सिकेको कलेजका बिहानी कार्यक्रम संयोजक हरी अधिकारीले बताए। "कार्य क्षेत्रमा प्रवेश गर्दा मिडियासँग कसरी सम्बन्ध राख्ने, पत्रकार सम्मेलन कसरी सञ्चालन गर्ने र प्रेस विज्ञप्ति कसरी तयार गर्ने भन्ने सीप विद्यार्थीहरूले व्यवहारमै सिकेका छन्," विषय शिक्षक सुवास मल्लले जानकारी दिए। नमुना पत्रकार सम्मेलनमा पोखराका अनुभवी पत्रकार शोभाकान्त सिग्देल, विजय नेपाल र फडिन्द्र अकिञ्चनले विद्यार्थीहरूको प्रस्तुतीकरणमाथि टिप्पणी तथा मूल्यांकन गरेका विषय शिक्षक अनुपप्रकाश पौडेलले भने।

लामो समयदेखि पत्रकारिता गरिरहेका पत्रकारबाट प्रत्यक्ष पृष्ठपोषण पाउँदा सिकाइ अझ प्रभावकारी बनेको सहभागी विद्यार्थी सुजिना दाहालले पोखरात्रलाई बताइन्। "वास्तविक पत्रकारसँग संवाद गर्दा आफूलाई धेरै कुरा बुझ्ने अवसर मिल्यो," उनले भनिन्। त्यस्तै सहभागी सुरक्षा आचार्यका अनुसार प्रत्यक्ष रूपमा पत्रकारसँग गरिएको साक्षात्कार कार्यक्रमले ज्ञान र आत्मविश्वास दुवै बढाएको छ। "कक्षामा पढेको कुरा व्यवहारमा उतार्न पाउँदा सिकाइ अझ गहिरो भयो," उनले पोखरापत्रलाई बताइन्। पोखरा कलेज अफ म्यानेजमेन्ट विगत दुई दशकदेखि पोखराविश्वविद्यालयबाटसम्बन्धप्राप्त संस्था भएर व्यवस्थापन संकायमा अध्ययन-अध्यापन गराउँदै आएको छ। हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सयभन्दा बढी विद्यार्थी बिबिए, बिबिए फाइनान्स र बिसिएसआईटी कार्यक्रममा अध्ययनरत छन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बंगलादेश साफ महिला यु-१९ च्याम्पियनसिपको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

भारतलाई पराजित गर्दै बंगलादेश साफ महिला यु-१९ च्याम्पियनसिपको फाइनल प्रबेश गरेको छ।

पोखरा रंगशालामा सोमबार सम्पन्न खेलमा बंगलादेशले भारतलाई २-० ले हराउँदै लगातार दोस्रो जित निकालेको हो। यस जितसँगै बंगलादेशले २ खेलबाट ६ अंक जोड्दै फाइनल यात्रा सुनिश्चित गरेको छ। यसअघि बंगलादेशले आफ्नो पहिलो खेलमा भुटानलाई १२-० को फराकिलो अन्तरले पराजित गरेको थियो। बंगलादेश प्रतियोगितामा अपराजित रहँदै शीर्ष स्थानमा रहेको छ। सोमबार नै भएको अर्को खेलमा घरेलु



टोली नेपालले भुटानलाई २-१ ले पराजित गर्दै फाइनल प्रवेशको सम्भावना कायम राखेको छ। नेपालको यो प्रतियोगितामा पहिलो जित हो। यसअघि नेपाल पहिलो खेलमा भारतसँग १-० ले पराजित भएको थियो। जितसँगै नेपाल अंक तालिकामा भारतलाई पछि पार्दै दोस्रो स्थानमा उक्लिएको छ। नेपाल र भारत दुवैको समान २ खेलबाट ३-३ अंक भए पनि गोलअन्तरमा नेपाल अगाडि छ। नेपालको गोलअन्तर शून्य रहेको छ भने भारतको गोलअन्तर १ रहेको छ। भारतले भने सोमबार नै भएको पहिलो खेलमा साबिक विजेता बंगलादेशसँग २-१ को हार बेहोरेको थियो। भारतको यो प्रतियोगितामा पहिलो हार हो।

भुटान भने लगातार दुई हारसँगै प्रतियोगिताबाट बाहिरिएको छ। भुटान पहिलो खेलमा बंगलादेशसँग १२-० ले पराजित भएको थियो भने दोस्रो खेलमा नेपालसँग २-१ ले पराजित भयो। अब नेपालले आफ्नो अन्तिम समूह खेल बुधबार बंगलादेशसँग खेल्नेछ भने भुटानले भारतसँग प्रतिस्पर्धा गर्नेछ। समूह चरणपछि अंक तालिकाका शीर्ष दुई टोलीले फाइनलमा स्थान बनाउनेछन्। नेपालले बंगलादेशविरुद्ध जित वा सकारात्मक नतिजा निकाल्न सके फाइनल प्रवेश गर्ने सम्भावना अझ बलियो हुनेछ।

# काश्की जिल्ला अदालत परिसरमा निःशुल्क आँखा शिविर : अधिकांशमा आँखाको समस्या

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित हिमालय आँखा अस्पताल पोखराद्वारा कास्की जिल्ला अदालत परिसरमा सञ्चालित निःशुल्क आँखा शिविरमा २१५ जना लाभान्वित भएका छन्।

परीक्षण गरिएकामध्ये १५६ जनालाई सामान्य आँखाको समस्या देखा परेकाले निःशुल्क औषधि वितरण गरिएको थियो भने २४ जनालाई थप उपचारका लागि हिमालय आँखा अस्पताल 'रिफर' गरिएको थियो। अस्पतालका बाह्य कार्यक्रम प्रमुख सुभाष नेपालले शिविरमा उच्च अदालत र जिल्ला अदालतमा सेवारत र नेपाल बार कास्कीका आवद्ध व्यक्तिले आँखा जाँच गराएका थिए। अस्पतालले विभिन्न साझेदारसँगका सहकार्यमा गण्डकी प्रदेश तथा कर्णाली प्रदेशमा निःशुल्क शिविर सञ्चालन गर्दै आइरहेको छ। नेपाल नेत्रज्योति सङ्घका महासचिव भरतबहादुर चन्दले 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी- आँखा सेवामा साझेदारी' भन्ने मूल नाराकासाथ सङ्घले विभिन्न निकायसँगको सहकार्यमा अस्पतालको पहुँचभन्दा टाढा



रहेका नागरिकलाई लक्षित गरी वार्षिक आँखा शिविर सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

उहाँले ग्रामीण क्षेत्रका न्यून आयस्तरका, गरिब तथा विपन्न नागरिक आर्थिक तथा भौगोलिक पहुँचको अभावका कारण स्वास्थ्य समस्या हुँदाहुँदै पनि उपचारबाट वञ्चित हुने अवस्थालाई मध्यनजर गर्दै सङ्घले उनीहरूको घरआँगनमै पुगेर गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिरहेको उल्लेख गर्नुभयो। त्यसैगरी, नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रका अनुसार सङ्घले हालसम्म देशका ६७ जिल्लामा स्थायी आँखा उपचार संरचना स्थापना गरिसकेको छ, भने ७७ वटै जिल्लाका नागरिकलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ। सङ्घले स्थापना कालदेखि सन् २०२४ को अन्त्यसम्म २८ आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिकसहित विभिन्न देशका गरी कूल चार करोड ६८ लाख ६८ हजार ६० जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ। यस अवधिमा ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको सङ्घले जनाएको छ।

# भाषणमा होइन, काममा विश्वास गर्ने नेता अर्जुन खनाल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

कास्की क्षेत्र नं ३ को चुनावी माहोलमा एउटा अनुहार बाक्लो रूपमा देखिन्छ। शिरमा नेपाली टोपी, गोरो अनुहार, ओठमा मन्द मुस्कान।

तर भाषण गर्दा अन्यायका विरुद्ध आगो ओकल्ने जोसिलो युवा हुन् अर्जुन खनाल। उनी जति बोले पनि थाक्दैनन्, तर्क र तथ्यमा जति बहस गरे पनि पछि हट्दैनन्। ज्ञानका खानी मानिने खनाल सामाजिक सेवामा सधैँ एक कदम अगाडि देखिन्छन्। कास्की क्षेत्र नं. ३ का प्रतिनिधिसभा उम्मेदवारमध्ये सबैभन्दा कान्छा भए पनि उनी परिपक्व छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का केन्द्रीय सदस्यसमेत रहेका उनी कास्की क्षेत्र नं. ३ का राप्रपाका प्रतिनिधिसभा उम्मेदवार खनालको परिचय केवल राजनीतिकर्मीमा मात्र सीमित छैन। उनी सफल पर्यटन व्यवसायी, प्राज्ञिक व्यक्तित्व र समाजसुधारक पनि हुन्। स्याङ्जाको वालिङ-४ मा बुवा जयलाल खनाल र आमा भगवती खनालको कोखबाट जन्मिएका अर्जुनको कर्मथलो अहिले पोखरा महानगरपालिका वडा नं. ६ लेकसाइड हो। श्रीमती अमृता पौडेल खनाल, एक छोरा र एक छोरीसहितको उनको पारिवारिक संसार सुखी छ। तर अर्जुनका सपना पारिवारिक सुखमा मात्र सीमित छैनन्। उनले संसार देखेका छन्। जर्मनी, स्विजरल्याण्ड,



स्पेन, फ्रान्स, नेदरल्याण्ड, कतार, चीन, भारतलगायत २० देशको भ्रमण गरिसकेका खनालले विकासका मोडेल नजिकबाट नियालेका छन्। विदेशको वैभव देख्दा उनलाई सधैँ लाग्छ "मेरो देश नेपाल यस्तो किन बन्न सक्दैन?" उनी नेपालको तराईदेखि हिमालसम्म र पूर्वदेखि पश्चिमसम्म पैदल र सवारीमार्फत पुगेका छन्, जसले उनलाई नेपालको माटो र बाटो दुवै चिनाएको छ। राजनीतिमा लाग्नेहरू उत्पादनसँग जोडिदैनन् भन्ने भाष्यलाई अर्जुन खनालले गलत सावित गरिदिएका छन्। उनी सफल पर्यटन व्यवसायी हुन्। कास्की, मुस्ताङ र धादिङमा रिसोर्ट तथा होटल सञ्चालन गरेर करिब दुई सय जनालाई प्रत्यक्ष रोजगारी दिन सफल छन्। अर्थशास्त्र र राजनीतिशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका खनालसँग द्वन्द्व व्यवस्थापन र कृषि/पशुपालन (जेटीए) को विशेष कोर्सबाट प्राप्त प्राविधिक ज्ञान पनि छ। त्यसैले उनले कृषिलाई पर्यटनसँग जोडेर आर्थिक क्रान्ति गर्ने योजना पोखरापत्रलाई सुनाए। भाषणमा मात्र होइन, अर्जुन खनाल संकटमा पनि जनताको साथमा हुन्छन्। कोरोना महामारीको कहालीलाग्दो समयमा मानिसहरू घरभित्र थुनिँदा उनी 'अक्सिजन बैंक पोखरा' का संयोजक बनेर सिलिन्डर बोकेर अस्पताल दौडिए। मणिपाल कोभिड अस्पताल (१०० बेड) का बोर्ड सदस्य भएर बिरामीको सेवामा रातदिन खटिए। रेडक्रस, रोट्यार्क्ट क्लब अफ पोखराका पूर्व अध्यक्ष हुँदै रोटरी क्लब अफ पोखरा लेकसाइडका पूर्व अध्यक्षसमेत बनेका खनालले गरेको समाजसेवाको सूची लामो छ। नवज्योति युवा क्लबको अध्यक्ष (२०५९) देखि सुरु भएको उनको नेतृत्व यात्रा रोटरी क्लबको डिस्ट्रिक्ट कमिटी हुँदै होटलियर्स क्लब लेकसाइडको प्रमुख सल्लाहकारसम्म फैलिएको छ। उनी राष्ट्रिय गौरव अभियानका संस्थापक सचिव र हिन्दु जागरण समिति कास्कीका सचिवका रूपमा पनि सक्रिय छन्। अर्जुन खनालको राजनीतिक जग बलियो छ। तत्कालीन कम्युनिस्ट आन्दोलनमा विद्यार्थी राजनीतिबाट अनुभव सँगालेका उनी विस्तारै राष्ट्रवादी धारमा उभिए। ब्राह्मण विद्यार्थी समाजको केन्द्रीय संयोजक हुँदा हिन्दु राज्यको पक्षमा वकालत गरे। विवेकशील साझा पार्टीको कास्की संस्थापक अध्यक्ष हुँदै केन्द्रीय नीति विभागमा काम गरेका खनाल पार्टी समायोजनपछि राप्रपामा सक्रिय भए। हाल उनी राप्रपाको केन्द्रीय सदस्य तथा पर्यटन विभाग सदस्यको जिम्मेवारीमा छन्। "म कास्की क्षेत्र नं. ३ को सबैभन्दा कान्छो उम्मेदवार हुँ, तर मसँग काम गर्ने जोस र अनुभव दुवै छन्," खनाल भन्छन्, "म सपना बाँड्न आएको होइन, मेरो उद्यमशीलता र समाजसेवाको अनुभवलाई नीति निर्माणमा बदल्न आएको हुँ।" अन्यायका विरुद्ध सदैँ लड्ने र स्पष्ट वक्ताको छवि बनाएका अर्जुन खनाल कास्कीका मतदातामाझ झन् परिचित बन्दै गएका छन्।

# नेकपा उम्मेदवारहरु भन्छन्: संकटमोचनका लागि हामीलाई मत दिनुस्

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

फागुन २१ गतेको चुनाव नजिकिँदै गर्दा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कास्कीका उम्मेदवार र नेता, कार्यकर्ता मत माग्न व्यस्त छन्।

घरदैलो र ससाना भेटभाट गरी उनीहरु मतदाताका गुनासा, टिप्पणी र सुझाव लिन लागेका हुन्। नेकपा पुरानामध्येको नयाँ र नयाँ मध्येको पुरानो शक्ति भएको उल्लेख गर्दै उनीहरुले अहिलेको संकटमोचनका लागि नेकपाको जित जरुरी रहेको औंल्याएका छन्। नेकपा कास्की क्षेत्र नम्बर १ का उम्मेदवार राजकाजी गुरुङ (करण)ले सोमबार रुपाका विभिन्न क्षेत्रमा मतदाताको घरदैलोमा पुगेर उनीहरुको अपेक्षा सुने। रुपा-३ टाकेञ्जामा सहिदहरुको सालिकमा माल्यार्पण गरी भेटघाट सुरु गरेका थिए। मतदाताहरुले उनलाई विगतका वाचा र पाटीका एजेन्डाहरु नभुल्न सुझाव दिए।


राजकाजी गुरुङ (करण)
कास्की १


किरण थापा (आमोद)
कास्की २


गोपाल गिरी
कास्की ३

कास्की क्षेत्र नम्बर २ का नेकपाका उम्मेदवार हेमबहादुर थापा (आमोद) गरिब, सुकुम्बासी, सीमान्तकृत, राष्ट्रिय पुँजीपति सबैको समतामूलक समाजको खाका नेकपासँग मात्र भएको बताए। अखिल नेपाल सुकुम्बासी संघ जिल्ला समिति कास्कीले आयोजना गरेको उम्मेदवारहरूसँगको परिचयात्मक कार्यक्रममा उनले भने,' गरीब, मध्यम वर्ग र श्रमजीवी जनताको अधिकार सुरक्षित नगरी समृद्ध शहरको कल्पना गर्न सकिन्न। त्यसको नेतृत्व नेकपाबाहेकबाट सम्भव छैन।' उम्मेदवार थापाले संकटका बेला माथिल्लो वर्ग भाग्ने र त्यसको सामना गरीब तथा मध्यम वर्गले भोग्नुपर्ने वर्तमान अवस्था रहेको बताए। उनले भने,'संकट पर्दा हेलिकोप्टर चढेर भाग्ने होइन, समाधानको उपाय खोज्ने हो।"

नेकपा कास्की ३ उम्मेदवार गोपाल गिरी माछापुच्छ्रे र पोखरा महानगरका केही क्षेत्रका मतदातासँग भेटघाट गरिसकेका छन्। 'जेन्जी' युवाको भावना अनुसार काम गर्ने, जातीय विभेद अन्त्य गर्ने, भ्रष्टाचारमुक्त समाज निर्माण गर्न नेकपाको जित आवश्यक पर्ने उनले बताए। आज कास्कीको अन्नपूर्ण गाउँपालिकामा चुनावी प्रचारप्रसार तथा जनतासँग भेटघाट गर्ने कार्यक्रम रहेको उनको सचिवालयले जनाएको छ।

# जुझारु युवा उम्मेदवार पाँउदा उत्साही पोखरा १७ का बासिन्दा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

आशन्न प्रतिनिधि सभा निर्वाचनमा कास्की क्षेत्र न २ बाट ने क पा (एमाले) को उम्मेदवार रश्मि आचार्यले सो क्षेत्रको पोखरा महानगर पालिका वडा न १७ का जनतासंग टोल टोल टोल र बस्ती पुगेर आगामी कामका सम्बन्धमा सुझाव लिएका छन।

सो क्रममा योजना सहितको आशा लाग्दो जुझारु युबा उम्मेदवार प्राप्त गर्दा आफुहरू अत्यन्तै खुशी भएको भन्दै आफ्नो टोल क्षेत्रमा गर्नुपर्ने भाबी कामको सुझाव प्रस्तुत गरेका छ्न। देश लाई संकटबाट पार लगाउने क्षमता भएको र समृद्धिको प्रष्ट बिचार लिएर आउनु सकारात्मक रहेको भन्दै आफुहरू बिजय गराउन आतुर भएको प्रतिक्रिया दिएका छ्न। मतदाताहरूले आफ्नै ठाउको स्थानिय उम्मेदवार आचार्य भएको भन्दै आफुहरूको समस्या स्थानीय उम्मेदवारले नै सम्बोधन गर्नेमा आश्वस्त रहेको उल्लेख गरे।

सो अबशरमा उम्मेदवार आचार्यले जनताका समस्या र आबश्यकता अनुसार नै प्रतिबद्धता तयार गर्ने उल्लेख गर्दै नीति निर्माण सहित बिकास अभियान थप प्रभाबकारी बनाउनेतर्फ केन्द्रित हुने भन्दै युबा र उत्पीडितहरूको सधैं साथमा रहेको उल्लेख गरे। इलम र रोजगारमुखी शिक्षा आजको आबश्यकता भएको उल्लेख गर्दै पोखरा र कास्कीको शिक्षा पर्यटन र प्राबिधिक मुखी बनाउनेतर्फ केन्द्रित हुने उल्लेख गरे।

पर्यटन शिक्षा पोखराको स्थानीय बिसय बनाउनेतर्फ आफ्नो ध्यान केन्द्रित हुने उल्लेख गर्दै उम्मेदवार आचार्यले कसैको पनि शिर निहुरिने काम नगर्ने र गौरवपूर्ण बिरासत अझ उचो बनाउने प्रतिबद्धता प्रकट गरे।

आफू क्षेत्र बासिको समस्यासंग सधैं संगै रहेको उल्लेख गर्दै उम्मेदवार आचार्यले आफ्नो बिजयको लागि जनसाथ काफी रहने उल्लेख गरे। स्थानिय नेता कार्यकर्ताहरू सहित जनशाक्षात्कार अभियान मार्फत सुझाव संकलन तिब्र पारेका आचार्यले आफ्नो प्रतिबद्धता र योजना लेख्ने काम सहित कार्यान्वयन समेत जनताको साथले गर्ने उल्लेख गरे।

## सिक्लेसमा ...

होटेल तथा घरबासलगायत विषयमा जानकारी प्रदान गरिएको थियो।

जङ्गलले घेरिएको बस्ती, ढुङ्गाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका सिक्लेस गाउँ प्राकृतिक सुन्दरतासँगै गुरुङ संस्कृति, परम्परा र इतिहासका कारण प्रसिद्ध छ। यो नेपालको शान्ति प्रक्रियाको उद्गमस्थलका रूपमा समेत परिचित छ। पोखराको काहुँखोलादेखि ३७ किलोमिटर दूरी र समुद्री सतहबाट करिब एक हजार ९५० मिटरको उचाइमा अवस्थित सिक्लेसदेखि गुरुङ सम्पदा पदमार्गअन्तर्गत कफुचे, कोरी, क्होलासौँथर, दूधपोखरीलगायत गन्तव्यहरूमा पदयात्रा गर्न सकिन्छ।

## नेपालमा ...

विद्यार्थीको रोजाइँमा परेको र यहाँका नेपाली नागरिकको सुरक्षा सुनिश्चितता गरेकामा जापानप्रति उहाँले आभार व्यक्त गर्नुभयो।

"हाम्रा दुई मुलुकले सौहार्द्रपूर्ण मित्रताको धेरै लामो इतिहास आत्मसात् गरेका छौँ, सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै नेपाल र जापानबीच पारस्परिक सम्मान, विश्वास, समझदारी र सहयोगमा आधारित सुमधुर तथा मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

सो अवसरमा जापानका विदेश राज्यमन्त्री होरी इवाओले यसप्रकारको भ्रमणले दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# आचारसंहिता पालनामा कठोर बन

निमाजिक संजालर्वाचट फैलाइएको मिथ्या सूचना, भ्रामक प्रचारका कारण सामाजिक संजाल नियमन गर्नुपर्ने आवाज उठ्दै आएको छ । सरकारले बेला बेलामा सामाजिक संजाल नियमनका कुरा उठाउने गरेपनि अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हहुन सक्ने भन्दै विरोध हुँदै आएको छ । अहिले निर्वाचनको मुखमा सामाजिक संजालका कारण आचारसंहिता उल्लंघनका विषय सार्वजनिक भएका छन । निर्वाचन न आयोगले निर्वाचनलक्षित मिथ्या सूचना, भ्रामक प्रचार र घृणाजन्य अभिव्यक्तिमा निगरानी बढाएको छ । आयोगले निर्वाचनसँग सम्बन्धित त्यस्ता सूचना सङ्कलन, विश्लेषण र नियामक निकायमार्फत आवश्यक कारबाहीको प्रक्रिया अघि बढाएको हो छ । कायसँगको सहकार्यमा आयोगले सूचना सदाचार एकाइ गठन गरेर काम गरिरहेको छ । डिजिटल प्लेटफर्ममार्फत प्रचार भइरहेका निर्वाचन आचारसंहिता प्रतिकूलका सामग्रीमा आयोगले निगरानी बढाएको छ ।

निर्वाचन आयोगका अनुसार हालसम्म १२० वटा कन्टेन्ट उत्पादक/सम्प्रेषकलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनबमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्युरोमा र छ वटालाई दूरसञ्चार प्राधिकरण ऐनबमोजिम आवश्यक कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको छ । त्यस्तै १५ वटालाई प्रेस काउन्सिल ऐनबमोजिम कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा र ३४ वटालाई निर्वाचन आचारसंहिता २०८२ बमोजिम कारबाहीका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको आयोगले जनाएको छ ।

माघ ४ गते रातिदेखि आचारसंहिता लागु भएसँगै आयोगले कार्यान्वयन अनुगमन र नियमनको प्रक्रियालाई पनि सँगै अघि बढाएको छ । मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट पनि आचारसंहिता उल्लङ्घनमा उजुरी दिन सक्ने व्यवस्था आयोगले गरेको छ । प्रवक्ता भट्टराईका अनुसार "जिल्ला आचारसंहिता अनुगमन अधिकृतको हकमा विगतभन्दा केही नयाँ व्यवस्था गरिएको छ । आर्थिक र अन्य विषयलाई फरक फरक रुपमा हेरिएको छ । सबै जिल्लाका आचारसंहिता अनुगमन अधिकृतसँगको कामकारबाही विवरण दैनिक रूपमा 'रियल टाइम' मै पाउने बनाइएको छ जिल्ला जिल्लामा अहिले उजुरी परिरहेको छ । त्यहाँबाट पनि कामकारबाही हुने अधिकार प्रदान गरिएको छ ।

आयोगको केन्द्रीय आचारसंहिता अनुगमन समितिले आइतबारसम्म २३ वटा स्पष्टीकरण सोधेको र त्यसमा १२ वटा जवाफ प्राप्त भएका छन् । राजनीतिक दल, उम्मेदवार र संस्थालाई समेत यसबिचमा स्पष्टीकरण सोधिएको छ । जिल्लास्तरमा समेत आचारसंहिता उल्लङ्घनमा उजुरी लिने र कारबाही गर्ने कार्य सँगसँगै अघि बढिरहेको छ । बाँके, कालीकोट, पाल्पा, गुल्मीलगायतका जिल्लामा सभा सम्मेलन रोकिएको, आचारसंहिताविपरीत हुने प्रचारका कार्यक्रम रोकिएको आयोगले जनाएको छ । यस्तै राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालासँग छलफल गरी आचारसंहिता कार्यान्वयनको सचेतना प्रक्रियासँगै अघि बढाइएको आयोगले जनाएको छ ।

निर्वाचन आचारसंहिता अनुसार ७७ वटै जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत आयोगले तोकेको छ । यस्तै आयोगले पहिलो पटक दल र उम्मेदवारलाई निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्न लगाएको छ । आयोगको पत्राचार अनुसार राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई खाता खोल्ने व्यवस्था मिलाउन परिपत्र गरिसकेको आयोगले जनाएको छ । बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि आयोगबाट स्वीकृत भइसकेको छ । निर्वाचन आयोगले आचारसंहिता पालनामा कडाइ गरेमा ठूला दल हुन कि चर्चित, लोकप्रिय ठानिएका हुन कि अराजक सबैलाई बन्धनमा आउन बाध्य हुनेछन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# किशोरीहरुलाई महिला हिंसाबारे सचेतना

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको सामाजिक विकास केन्द्रको आयोजनामा तथा जिल्ला प्रहरी कार्यालय कास्की (एवं भायनेटको समन्वयमा किशोरी लक्षित महिला हिंसासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा उद्योग वाणिज्य संघ सामाजिक विकास केन्द्रका संयोजक राजेन्द्रकुमार लालचनको अध्यक्षता तथा संयोजनमा भएको सो कार्यक्रममा किशोरीहरुको मानसिक स्वास्थ्य, सामाजिक सञ्जालको सही सदुपयोग तथा महिलामाथि हुने हिंसालगायत विविध विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । कार्यक्रममा ५७ जना किशोरीहरुको सहभागिता रहेको परियोजना सुपभाइजर सफल बरालले जानकारी दिए ।

# आँखा शिविरबाट ८९ जनाको शल्यक्रिया

पोखरापत्र संवाददाता
तनहुँ, १९ माघ

तनहुँको आँबुखैरेनीमा सञ्चालित निःशुल्क आँखा शिविरमा ८९ जनाको मोतियाबिन्दुको शल्यक्रिया गरेको छ ।

आँबुखैरेनी गाउँपालिकाले नेपाल नेत्रज्योति सङ्घ तथा भरतपुर आँखा अस्पताल, चितवनको सहयोगमा सञ्चालन गरेको निशुल्क आँखा शिविरमा मोतियाबिन्दु देखिएका ८९ जनाको शल्यक्रिया गरिएको हो । शिविरमा छ सय जनाको आँखा परीक्षण गरिएकामा एक सय १७ जनामा मोतियाबिन्दु देखिएको थियो । त्यसमध्ये ८९ जनाको शल्यक्रिया गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिनुभयो । सामान्य आँखा समस्या, दृष्टि कमजोर हुनु, आँखा दुख्ने जस्ता समस्या लिएर आएका सेवाग्राहीले निःशुल्क परामर्श तथा औषधि समेत प्राप्त गरेका थिए । लामो समयदेखि आँखाको समस्या भएपनि आर्थिक अवस्था कमजोर वा टाढा जान नसक्दा उपचार गर्न नपाएका धेरै नागरिक यस शिविरमार्फत पहिचानमा आएको उपाध्यायले बताउनुभयो । शल्यक्रियापछि सेवाग्राहीहरूले पुनः स्पष्ट देख्न पाएको अनुभव सुनाउँदै खुसी व्यक्त गरेका छन् । कतिपय ज्येष्ठ नागरिकले लामो समयपछि अनुहार चिन्न, किताब पढ्न र दैनिक कामकाज सहज भएको बताएका छन् । गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख उपाध्यायले शिविरले आँखासम्बन्धी समस्याको समयमै पहिचान र उपचार गर्न सहयोग पुगेको बताउनुभयो । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले नागरिकको स्वास्थ्यलाई गाउँपालिकाले सधैं प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै ग्रामीण भेगका नागरिकले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भन्ने मान्यताका साथ शिविर सञ्चालन गरिएको बताउनुभयो । गाउँपालिकाले आगामी दिनमा आँखा उपचार मात्र नभई अन्य स्वास्थ्य समस्यालाई लक्षित गरी पनि विभिन्न प्रकारका निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने योजना बनाइरहेको उहाँले बताउनुभयो ।

# बङ्गुर मरेपछि किसान चिन्तित

पोखरापत्र संवाददाता
तनहुँ, १९ माघ

यहाँको ऋषिङ गाउँपालिका-७ मा अफ्रिकन स्वाइन फिभर भाइरसका लक्षणसहित एक किसानका पाँच वटा बङ्गुर मरेका छन् ।

स्थानीय ऋषिराम थापाले पाल्नुभएका छ वटामध्ये पाँच वटा मरेको हो । करिब रु डेढ लाख मूल्य बराबरको पशुधनको क्षति भएको ऋषिङ गापा पशु शाखा प्रमुख एवं पशु स्वास्थ्य प्राविधिक पूजा खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार ऋषिङ गाउँपालिका विभिन्न वडामा बिरामी भएका नौ वटा बङ्गुरमध्ये पाँच वटा मरिसकेको र चार वटा बिरामी रहेकाले पशुमा देखिएको लक्षणअनुरुप उपचार गरिएको छ । "ऋषिङ गाउँपालिकाका वडा नं २, ४ र ७ मा पालिएका बङ्गुरमा अफ्रिकन स्वाइन फिभरका लक्षण देखिएका छन्," उहाँले भन्नुभयो, "भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दमौलीमा 'र्‍यापिड टेस्ट'मा पोजेटिभ देखिएको छ ।" मरेका बङ्गुरका नमूना सङ्कलन गरी थप पुष्टि गर्न पोखरा प्रयोगशालामा पठाउन लागिएको सो कार्यालयले जनाएको छ ।

किसानले कहाँबाट बङ्गुरका पाठापाठी ल्याइका हुन्, त्यस विषयमा परामर्श गरिने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख रबिन्सन अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "अफ्रिकन स्वाइन फिभर बङ्गुरहरूमा लाग्ने अत्यन्तै घातक भाइरल रोग हो, जुन रोगको हालसम्म कुनै उपचार वा भ्याक्सिन उपलब्ध छैन ।" उक्त रोगले आक्रमण गर्दा बङ्गुरमा ज्वरो आउने, रातो धब्बा देखिने, झाडापखाला लाग्नेजस्ता लक्षण देखिन्छ ।

यस भाइरसबाट बच्न जैविक सुरक्षा अपनाउनु नै मुख्य उपाय मानिन्छ । फार्ममा अनावश्यक मानिस, सवारीसाधन, जनावरहरूको प्रवेश निषेध गर्ने, फार्म छिर्नु अघि जुत्ता-चप्पल सफा गर्ने र बेला बेलामा कीटाणुनाशक औषधि प्रयोग गर्न किसानलाई सुझाव दिइएको छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुंदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 6110001211 | निर्मला कुमारी खत्री | फलेबास-९, पर्वत |
| २ | Uli 4000001475 | बिजेश शंकर पालिखे | पोखरा-९, कास्की |


# कास्की-१ का रास्वपा उम्मेदवार गनेस पौडेलको "स्थानिय संवाद यात्रा" जारी

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्की निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार गनेस पौडेलले स्थानिय नागरिकसँग प्रत्यक्ष भेटघाट र सुझाव संकलनलाई तीव्रता दिएका छन् ।

सोमबार उनले पोखरा महानगरपालिका वडा नम्बर १४ को इन्द्रमार्ग, वडा नम्बर २६ को भवानी टोल तथा वडा नम्बर ३० र ३१ अन्तर्गत मोहोरियाका स्थानियसँग संवाद गरेका छन । भेटघाटका क्रममा स्थानियले ठूला भाषणभन्दा काम चाहिएको बताए । युवाहरू विदेशिनु पर्ने बाध्यता घट्ने वातावरण बनोस् भन्ने अपेक्षा व्यक्त गरे । संवादका क्रममा धेरै स्थानियले उम्मेदवार पौडेललाई जितको शुभकामना समेत दिएका थिए । रास्वपा कास्की १ का उम्मेदवार गनेस पौडेलले स्थानियसँगको संवादलाई आफ्नो अभियानको मुख्य आधार बनाएको बताए।

"हामी भाषण भन्दा जनताको आवाज सुन्ने र सोही बमोजिम काम गर्ने राजनीतिमा विश्वास गर्छौं। यहाँ उठेका समस्या यी सबै हाम्रो प्राथमिकतामा छन्। जनताले भनेका कुरा नै हाम्रो बाचापत्रको आधार बन्छ," उनले भने । उनले पारदर्शिता, जवाफदेहिता र स्थानिय आवश्यकताअनुसार विकास गर्ने प्रतिबद्धता पनि व्यक्त गरे । यसैबीच, सोमबार नै उम्मेदवार पौडेलले रुपा गाउँपालिकाको देउराली फेदी, पोल्याङ, टाकान्जा र फैचोक क्षेत्रमा पनि जनतासँग सुझाव संकलन गरेका थिए। रास्वपा कास्की-१ का चुनावी कमाण्डर श्रीकृष्ण न्यौपानेका अनुसार ग्रामीण क्षेत्रका नागरिकले कृषि, सडक पहुँच र बजार व्यवस्थापनका विषयमा जोड दिएका थिए ।

त्यस्तै, "स्थानिय संवाद यात्रा" मंगलबार पनि जारी रहने जनाइएको छ निर्वाचन संयोजक श्रवण जमरकट्टेलका अनुसार मंगलबार पोखरा महानगरपालिका वडा नम्बर १४ को विजयबस्ती, वडा नम्बर २८ का माफठाना, सौर्य, रैकर, स्याङ्खुदी र खरानेफाँट क्षेत्रमा कार्यक्रम तय गरिएको छ। रास्वपाले यो अभियानमार्फत घरदैलो र प्रत्यक्ष संवादलाई प्राथमिकता दिँदै मतदाताको विश्वास जित्ने जनाएको छ ।

# तनहुँबाट ६७ निर्वाचन प्रहरी स्याङ्जा पठाइयो

पोखरापत्र संवाददाता
तनहुँ, १९ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि यहाँबाट ६७ निर्वाचन प्रहरी छिमेकी जिल्ला स्याङ्जा पठाइएको छ ।

तनहुँका लागि आवश्यक सङ्ख्या एक हजार ५७३ जना राखेर बाँकी रहेका १९६ वैकल्पिक निर्वाचन प्रहरीमध्ये उक्त सङ्ख्यामा स्याङ्जा पठाइएको हो । जिल्ला प्रहरी कार्यालयले मागअनुरूप आवेदन नपरेकाले वैकल्पिक निर्वाचन प्रहरी पठाइदिन माग गरेकाले सहयोग गरिएको तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जिल्लामा छनोट भएकामध्ये अहिलेसम्म ४२ जना अनुपस्थित देखिएका छन्, आजसम्म उपस्थित नभए वैकल्पिक रहेका १२९ जनाबाट व्यवस्थापन गरिनेछ ।" गत पुस २५ देखि माघ ३ गतेसम्म आवेदन माग गरिएकामा मागअनुरूप आवेदन नपरेपछि पुनः माघ १० र ११ गते दुई दिन माग गरेकामा माग सङ्ख्या पूरा भई अन्य जिल्लामा सहयोग गर्न सकिएको प्रहरी नायब उपरीक्षक विकले बताउनुभयो । उहाँका अनुसार उक्त दिनमा पुरुष ४३६ र महिला २१७ गरी ६५३ जनाले आवेदन दिएका थिए ।

त्यसैगरी तनहुँमा ३० ९ मतदान केन्द्रमध्ये आठवटा मतदान केन्द्र अति संवेदनशील सूचीमा राखिएको छ । उक्त अति संवेदनशील केन्द्रहरूमा विशेष सुरक्षा व्यवस्था लागू गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्ला सुरक्षा समितिले निर्माण गरेको निर्वाचन केन्द्रित एकीकृत सुरक्षा योजनाअनुसार अति संवेदनशील मतदान केन्द्र निर्धारण गरिएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउनु प्रहरी प्रशासनको मुख्य दायित्व हो, जिल्लामा १० स्थानीय तह रहेका छन्भने दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन् ।"

# बागलुङमा मतदाता फकाउन घरदैलोमा उम्मेदवार

पोखरापत्र संवाददाता
बागलुङ, १९ माघ



आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन मिति नजिकिएसँगै राजनीतिक दलले उम्मेदवारसहित घरदैलो अभियान तीव्र पारेका छन् ।

फागुन ४ गतेअघि आमसभा तथा खुला कार्यक्रम गर्न नपाउने भएपछि उम्मेदवार मतदाताको घरदैलो कार्यक्रममा छन् । माघ ६ गते उम्मेदवारी दर्ता गरेपछि मतदाता समक्ष पुगेर भोट माग्न उम्मेदवार व्यस्त देखिन्छन् । दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा यसपाली २३ जना चुनावी मैदानमा छन् । क्षेत्र नम्बर १ मा ११ र क्षेत्र नम्बरमा २ मा १२ जना उम्मेदवार छन् । उनीहरू सबै दूरदराजका बस्तीदेखि सहर बजारका चोक र गल्लीमा भोट मागी रहेको भेटिन्छन् । निर्वाचन हाँक्न दलले नेतृत्व पनि चयन गरिसकेका छन् । सबै दलले निर्वाचनका लागि सम्पर्क कार्यालय खोलेर नेता कार्यकर्ता परिचालन गरिसकेका छन् । क्षेत्रीय तहमा निर्वाचनका कमान्डर बनाएर प्रचार अभियान थालिएको हो । नेपाली काँग्रेसले क्षेत्र नम्बर १ मा चण्डीप्रसाद शर्माको नेतृत्वमा दुई वटा प्रदेश क्षेत्रका सभापतिसहित पदाधिकारीलाई निर्वाचन परिचालन समितिमा राखेर काम थालिएको छ । नेकपा (एमाले)ले पूर्वसांसद् सूर्य पाठकलाई निर्वाचन परिचालनको कमान्डर बनाएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले रोशन खड्काको नेतृत्वमा प्रचार अभियान थालेका छन् । पहिलो चरणमा निर्वाचनमा होमिएका उम्मेदवारले घर घरमा पुगेर जनताली भेट्ने, राजनीतिक प्रशिक्षण गर्ने र आफ्नो दलको उद्देश्य र लक्ष्यबारे बताउन थालेका छन् । निर्वाचन लक्षित गरेर राजनीतिक दलहरूले एक हजार पाँच सय जनासम्म सदस्य रहेको निर्वाचन परिचालन समिति पनि गठन गरेका छन् । निर्वाचन क्षेत्र नम्बर २ मा काँग्रेसले क्षेत्रीय सभापति जोकलाल बुढा, एमालेले विष्णुप्रसाद भुसाल, नेकपाले फमलाल निउरे र रास्वपाले ढालेन्द्र रायमाझीलाई प्रचार संयोजक बनाएको छ। प्रारम्भिक चरणमा क्षेत्र नम्बर २ मा पनि दलले घरदैलो कार्यक्रम गरिरहेका छन् । उम्मेदवारी दर्तापछि दैनिक विभिन्न दलका नेता तथा उम्मेदवार भोट माग्न आउने गरेको बागलुङ नगरपालिका-७ की सकुन्तला सापकोटाले बताउनुभयो । सापकोटाले भन्नुभयो, "उम्मेदवार धेरै रैछन्, दिनदिनै आउँछन् भोट मलाई भन्छन्, हामीहरूले जनताको काम गर्छ, सुशासन कायम गर्छ उसैलाई भोट दिन्छौं भनेको छौं, चुनाव आउन अझै एक महिना बढी छ, तर भोट माग्ने आउने नेताहरुको कारण चुनाव आइसके जस्तो भइरहेको छ ।" ढोरपाटन नगरपालिका-१ का खगेश्वर खत्रीले भोट माग्ने नेता तथा उम्मेदवारका कारण चुनावी सरगर्मी बढेको बताउनुभयो । यस क्षेत्रमा १२ जना उम्मेदवार रहेको भन्दै दिनहुँ जसो मत माग्ने आउने गरेको उहाँको भनाइ छ ।

